# हरित अर्थतन्त्रका लागि निजीक्षेत्र

■ अभियान संवाददाता

असार ९, काठमाडौं । हरित अर्थतन्त्रका लागि जनचेतना जगाउने मात्र नभई सर्वसाधारणको चाहनाको पनि अध्ययन हुनु जरुरी रहेको विज्ञहरूले बताएका छन् । अहिलेसम्म विशेषज्ञ तथा सरकारले जनचेतना जगाउने काम मात्र गरेको, तर स्थानीय सन्दर्भ र आवश्यकताअनुरूप समाधान पहिल्याउन बाँकी नै रहेको उनीहरूको भनाइ छ । त्यसका लागि निजीक्षेत्रको साथ आवश्यक रहेको अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्र (आईडीआरसी)का डा. भीम अधिकारीले बताए । त्यसका लागि प्राविधिक ज्ञान, वित्तीय क्षमता तथा नीतिनियमको भने अभाव रहेको कन्जुमर युनिटी एण्ड ट्रष्ट पोलिसी (कट्स)का नीति विश्लेषक आशिष शाहले बताए ।

हरित अर्थतन्त्र लाद्ने होइन, त्यसको माग गर्ने क्षेत्रहरू विस्तार गर्नुपर्ने अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)की वरिष्ठ सुशासनविज्ञ डा. रुचा घाटेको भनाइ छ । साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेण्ट (सावती) का प्रमुख कार्यकारी निर्देशक डा. रत्नाकर अधिकारीले उच्च गरीबी र जलवायु परिवर्तनको चपेटामा रहेको दक्षिण एशियामा हरित अर्थतन्त्रको ठूलो आवश्यकता भएको औंल्याएका थिए ।

ललितपुरको गोदावरीमा आइतबार शुरू भएको दुईदिने 'हरित अर्थतन्त्रमा दक्षिण एशियाली परामर्श' कार्यशालाका सहभागीहरूले सबैभन्दा कम कार्वन उत्सर्जन गर्ने मानिसहरू त्यसको असरबाट सबैभन्दा बढी प्रभावित भएको राय व्यक्त गरेका थिए । 'हरित अर्थतन्त्र' कम कार्वन उत्सर्जन, स्रोत कुशल र सामाजिक रूपमा सहभागितामूलक हुने उनीहरूको भनाइ थियो । कार्यशालामा कार्यपत्र प्रस्तुत गर्दै बङ्गलादेश विकास अध्ययन प्रतिष्ठान (बीआईडीएस)का डा. मिन्हाज महमुदले विकास र गरीबी निवारणसँग जोड्न सके मात्र हरित अर्थतन्त्रले गति लिन सक्ने विश्वास व्यक्त गरे । राष्ट्रिय योजना आयोगका सचिव युवराज भुसालको प्रमुख आतिथ्यमा सञ्चालित कार्यक्रममा योजना आयोगका पूर्वउपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेललगायत एशियाली मुलुकका सरकारी तथा गैरसरकारी क्षेत्रका विज्ञहरूको सहभागिता रहेको छ । कार्यक्रम आईडीआरसीको सहयोगमा सावतीले आयोजना गरेको हो ।